# यशोधरा गाउँपालिका
# सातौं गाउँसभा
## आर्थिक बर्ष २०७८/०७९ को
## बजेट वक्तव्य

**यशोधरा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बैदौली कपिलवस्तु**

मिति २०७८ असार ३० गते

मानिनय गाउँसभा अध्यक्ष तथा सदस्य ज्यूहरू,

म यस गरिमामय गाउँसभामा आर्थिक बर्ष २०७८।०७९ को लागि प्रस्ताव गरिएका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक श्रोत परिचालनका लागि परिएका प्रबन्ध यस सभामा पेश गर्ने अनुमति चाहान्छु । आगामी आ.ब. ०७८।०७९ मा कुल बजेट रू। ५२ करोड ८० लाख ८८ हजार २ सय ६४ रूपैया खर्च हुने गरि बजेट प्रस्ताव गरेको छु । जसमा चालुतर्फ कुल ३७ करोड १३ लाख १९ हजार, पुर्जीगत तर्फ १५ करोड ६७ लाख ६९ हजार २ सय ६४ रूपैया रहेको छ । जस मध्ये नेपाल सरकार शसर्त कार्यक्रम तर्फ १८ करोड ३७ लाख, प्रदेश सरकार शसर्त कार्यक्रम तर्फ ८५ लाख ४४ हजार, प्रदेश सरकार विशेष कार्यक्रम तर्फ ६० लाख, वडा तर्फ ५ करोड ६५ तथा वित्तिय व्यवस्थापन तर्फ १२ लाख खर्च हुने अनुमान पेश गरेको छु ।

मानिनय गाउँसभा अध्यक्ष तथा सदस्य ज्यूहरू,

५२ करोड ८० लाख ८८ हजार २ सय ६४ रूपैया पेश गरेको छु ।

| सि.नं. | शिर्षक | अनुमानित रकम रु. | |
|---|---|---|---|
| १ | आन्तरिक राजस्व | १३०५००००.०० | १ करोड ३० लाख ५० हजार |
| २ | संघीय सरकारबाट प्राप्त राजस्व वाडफाड अनुदान | ८३९८४०००.०० | ८ करोड ३९ लाख ८४ हजार |
| ३ | संघीय सरकारबाट प्राप्त वित्तीय समानिकरण अनुदान | १२९२००००००.०० | १२ करोड ९२ लाख |
| ४ | संघीय सरकारबाट प्राप्त शसर्त अनुदान | १८३७००००००.०० | १८ करोड ३७ लाख |
| ५ | प्रदेश सरकारबाट प्राप्त राजश्व बाडफाड अनुदान | ७६२९७५५.०० | ७६ लाख २९ हजार ७ सय ५५ रुपैया |
| ६ | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानिकरण | ६१०९०००.०० | ६१ लाख ९ हजार |
| ७ | प्रदेश सरकारबाट प्राप्त शसर्त अनुदान | ८५४४०००.०० | ८५ लाख ४४ हजार |
| ८ | प्रदेश सरकारबाट प्राप्त विषेश अनुदान | ६००००००.०० | ६० लाख |
| ९ | ०७७।०७८ को संचित बचत | ६३००००००.०० | ६ करोड ३० लाख |
| १० | जि.स.स बाट लागत सहभागीता योजना तथा कार्यक्रमबाट पाप्त रकम | ११८७१५०९.०० | १ करोड १८ लाख ७१ हजार ५ सय ९ रुपैया |
| ११ | प्रदेश समपुरक अनुदान | १५००००००.०० | १ करोड ५० लाख |
| | **जम्मा अनुमानित आय** | **५२८०८८२६४.००** | **५२ करोड ८० लाख ८८ हजार २ सय ६४ रुपैया** |

मानिनय गाउँसभा अध्यक्ष तथा सदस्य ज्यूहरू,

म अब आर्थिक बर्ष ०७८।०७९ को अनुमानित व्यय प्रस्तुत गर्न गइरहेको छु ।

# आ.ब. २०७८/०७९ को अनुमानित व्यय विवरण

| सि.नं. | शिर्षक | अनुमानित रकम रु. | |
|---|---|---|---|
| १ | प्रशासनिक खर्च | ८२७००००००.०० | ८ करोड २७ लाख |
| २ | संघीय सरकार शसर्त कार्यक्रम | १८३७००००००.०० | १८ करोड ३७ लाख |
| ३ | प्रदेश सरकार शसर्त कार्यक्रम | ८५४४०००.०० | ८५ लाख ४४ हजार |
| ५ | जि स स बाट लागत सहभागीता तथा अन्य संस्थाबाट साझेदारीमा हुने योजना तथा कार्यक्रम | १५००००००.०० | १ करोड ५० लाख |
| ७ | डगरी सिमाना देखि भडेहर सम्म कालोपत्रे (प्रदेश समपुरक) | ३०००००००.०० | ३ करोड |
| ८ | विशेष अनुदानको कार्यक्रम | ६००००००.०० | ६० लाख |
| ९ | आ.ब. ०७७/०७८ मा वडा तर्फ संचालन नभएका योजना तथा कार्यक्रमको अल्या रकम | १६५००००००.०० | १ करोड ६५ लाख |
| १० | वडा तर्फ विनियोजित बजेट | ४०००००००.०० | ४ करोड |
| ११ | सुशासन तथा सस्थागत विकास पुँजीगत तर्फ | १००००००००.०० | १ करोड |
| १२ | वित्तीय व्यवस्थापन तर्फ | १२०००००.०० | १२ लाख |
| १३ | सुशासन तथा संस्थागत विकास तर्फ | ३१०००००.०० | ३१ लाख |
| १४ | भौतिक पूर्वाधार विकास तर्फ | ४२१००००००.०० | ४ करोड २१ लाख |
| १५ | आर्थिक विकास तर्फ (कृषि तथा पशुसेवा, सहकारी तथा प्रर्यटन प्रवर्द्धन) | १६००००००.०० | १ करोड ६० लाख |
| १६ | सामाजिक विकास शिक्षा तर्फ | २६५८८०००.०० | २ करोड ६५ लाख ८८ हजार |
| १७ | सामाजिक विकास स्वास्थ्य तर्फ | १००००००००.०० | १ करोड |
| १८ | सामाजिक विकास तर्फ सामाजिक समावेशीकरण | १६५००००.०० | १६ लाख ५० हजार |
| १९ | सामाजिक विकास तर्फ खानेपानी तथा सरसफाई | १७०००००.०० | १७ लाख |
| २० | सामाजिक विकास महिला, बालबालिका तथा जेष्ठनागरिक | २६५००००.०० | २६ लाख ५० हजार |
| २१ | बालमैत्री शासन | ३००००००.०० | ३० लाख |
| २२ | वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ | २६०००००.०० | २६ लाख |
| २३ | यूवा खेलकुद तर्फ | १००००००.०० | १० लाख |
| २४ | न्यायीक समिति तथा मेलमिलाप कार्यक्रम तर्फ | ६००००००.०० | ६० लाख |
| २५ | सामाजिक विकास/संस्कृति प्रर्वद्धन तर्फ | ८०००००.०० | ८ लाख |
| २६ | संस्थागत सहयोग तर्फ | १७०००००.०० | १७ लाख |
| २७ | छुटपुट भएका योजनाहरु गाउँपालिका अध्यक्षबाट संचालन हुन पुजिँगत तर्फ | ८२५६२६४.०० | ८२ लाख ५६ हजार २ सय ६४ रुपैया |

| | | | |
|---|---|---|---|
| २८ | छुटपुट भएका कार्यक्रमहरु गाउँपालिका अध्यक्षबाट संचालन हुन चालु तर्फ | ७३०००००.०० | ७३ लाख |
| जम्मा कुल व्यय | | ५२८०८८२६४.०० | ५२ करोड ८० लाख ८८ हजार २ सय ६४ रुपैया |

**मानिनय गाउँसभा अध्यक्ष तथा सदस्य ज्यूहरू,**

**म अब आर्थिक बर्ष ०७८।०७९ को बजेटको मुख्य उद्देश्य प्रस्तुत गर्न गइरहेको छु ।**

- गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा भौतिक पूर्वाधार निर्माण ।
- गाउँवासीहरुको आर्थिक सामाजिक जीवनमा आमुल परिवर्तन ल्याउन ।
- बालमैत्री गाउँपालिका निमार्ण ।
- बातावरण मैत्री गाउँपालिका निर्माण ।
- विपद् न्यूनिकरण गर्नमा जोड ।
- सामाजिक सुरक्षा, संरक्षण तथा बचाउ ।

**मानिनय गाउँसभा अध्यक्ष तथा सदस्य ज्यूहरू,**

**म अब आर्थिक बर्ष ०७८।०७९ को बजेटको मुख्य-मुख्य बुदाँ प्रस्तुत गर्न गइरहेको छु ।**

- **सामुदायकि विद्यालयमा कार्यरत बाल विकास सहजकर्ताहरको मासिक तलबमा बृद्धि गरी १२ हजार तथा कार्यालय सहायकको मासिक तलब बृद्धि गरी १८ हजार ५ सय पुर्याएको छु ।**
- **विद्यालय परिचरको हकमा शुरूको तलब स्केलमा ४ हजार थप छु ।**
- **सामुदायिक विद्यालयको भौतिक संरचना सुधारमा आवश्यक बजेट विनियोजन गरको छु ।**
- **विद्यालय नर्स कार्यक्रमको सुरूवात गरेको छु ।**
- **गाउँपालिकालाइ पूर्ण साक्षर घोषणाको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।**
- **कोरोना महामारीको नियन्त्रण तथा व्यवस्थापनका लागि २ वटा चिकित्सकको व्यवस्था गरेको छु ।**
- **कोरोना महामारी नियन्त्रणका लागि संचालनमा रहेको अस्थायी कोभिड अस्पताललाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु ।**
- **गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न कार्यरत स्वास्थ्यकर्मीको क्षमता वृद्धि गर्न आवश्यक तालिम गोष्ठीका लागि बजेट विनियोजन गरेको छु ।**
- **कपिलवस्तु नगरपालिका वडा नं ५ डंगरी सिमाना देखि पूर्व तर्फ बसन्तपुर हुदै भडेहर सम्म कालोपत्रे सकड निमार्णका लागि प्रदेश सरकार र पालिकाको समपुरक योजनाबाट ३ करोड बजेट विनियोजन गरेको छु ।**

- वडा नं ६ र ७ को स्वास्थ्य चौकी भवन निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यलाई निरन्तरताका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाउँपालिकाबाट निर्माण भएका अधुरो सडकलाइ आ.ब. ०७८।०७९ मा निर्माण कार्य पूर्णताका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- कृषि/पशु विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- जेष्ठ नागरिकलाइ विशेष सम्मानका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाउँपालिका भित्र सम्पूर्ण वस्तीहरूमा फाइबर इन्टरनेट सेवा संचालन गर्न ब्यवस्था मिलाएको छु ।
- गाउँपालिका तथा अन्तरगतका कार्यालयहरूमा प्रवाह हुने सेवाहरू अनलाइन मार्फत सेवा प्रदान गर्न आवश्यक बजेटको ब्यवस्था गरेको छु ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न आवश्यक बजेटको ब्यवस्था मिलाएको छु ।
- स्थानीय निकायबाट समायोजन भइ आएका कार्यरत कर्मचारीहरूको स्तरवृद्धि गर्न आवश्यक कानुन तर्जुमा गरी सभामा पेश गरेको छु ।

माननिय सभा अध्यक्ष तथा सदस्य ज्यूहरू,

आ.ब. ०७८।०७९ को बजेट तालि लगाएर  पारित गर्न अनुरोध गर्दछु ।